आज मिति २०८२/०४/३० गते शुक्रबारका दिन बिहान १०:०० बजे, फतुवा विजयपुर नगरपालिकाको कार्यालयमा यस नगरपालिकाको कार्यबाहक नगर प्रमुख श्री अमबेया खातुन ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा तपसिल बमोजिमका निर्णय गरियो।

| क्र.स. | नाम थर | पद | सही | कैफियत |
|---|---|---|---|---|
| १ | श्री अमबेया खातुन | कार्यबाहक नगर प्रमुख | | |
| २ | श्री विजय कुमार यादव | वडा अध्यक्ष वडा नं. १ | | |
| ३ | श्री अनुरुद्ध प्रसाद यादव | वडा अध्यक्ष वडा नं. २ | | |
| ४ | श्री रामेश्वर प्रसाद यादव | वडा अध्यक्ष वडा नं. ३ | | |
| ५ | श्री सतिस कुमार यादव | वडा अध्यक्ष वडा नं. ४ | | |
| ६ | श्री शेख एजाज अहमद | वडा अध्यक्ष वडा नं. ५ | | |
| ७ | श्री रामएकवाल राय यादव | वडा अध्यक्ष वडा नं. ६ | | |
| ८ | श्री रामविशवास राय यादव | वडा अध्यक्ष वडा नं. ७ | | |
| ९ | श्री नितेश कुमार चौधरी | वडा अध्यक्ष वडा नं. ८ | | |
| १० | श्री राकेश यादव | वडा अध्यक्ष वडा नं. ९ | | |
| ११ | श्री मंजय कुमार चौधरी | वडा अध्यक्ष वडा नं. १० | | |
| १२ | श्री ज्ञानेन्द्र चौधरी | वडा अध्यक्ष वडा नं. ११ | | |
| १३ | श्री पार्वती देवी | कार्यपालिका सदस्य | | |
| १४ | श्री मंगली कुमारी कालिकोटे | कार्यपालिका सदस्य | | |
| १५ | श्री सिकीलिया देवी विनीन | कार्यपालिका सदस्य | | |
| १६ | श्री भदिया देवी माझी | कार्यपालिका सदस्य | | |
| १७ | श्री महापती देवी धोबी | कार्यपालिका सदस्य | | |
| १८ | श्री कामेशवर प्रसाद कुमहार | कार्यपालिका सदस्य | | |
| १९ | श्री जयराम साह कानु | कार्यपालिका सदस्य | | |
| २० | श्री उमा शकर साह कलवार | कार्यपालिका सदस्य | | |
| २१ | श्री रामप्रवेश मुखिया विन | १ नं . वडा सदस्य | | |
| २२ | श्री रामकृत राय | १ नं . वडा सदस्य | | |
| २३ | श्री राज कुमारी देवी | २ नं . वडा सदस्य | | |
| २४ | श्री नैनापती देवी | २ नं . वडा सदस्य | | |

| | | | | |
|---|---|---|---|---|
| २५ | श्री प्यारे राय यादव | २ नं . वडा सदस्य | | |
| २६ | श्री शेरबहादुर पटेल | २ नं . वडा सदस्य | | |
| २७ | श्री सिरिया देवी कुर्मी | ३ नं . वडा सदस्य | | |
| २८ | श्री उपेन्द्र बहादुर साह | ३ नं . वडा सदस्य | | |
| २९ | श्री झुमेसर साह कानु | ३ नं . वडा सदस्य | | |
| ३० | श्री सिमा देवी | ४ नं . वडा सदस्य | | |
| ३१ | श्री मनिशा कुमारी | ४ नं . वडा सदस्य | | |
| ३२ | श्री उमेश कुमार निराला | ४ नं . वडा सदस्य | | |
| ३३ | श्री तसलीमा खातुन | ५ नं . वडा सदस्य | | |
| ३४ | श्री अन्तीया देवी | ५ नं . वडा सदस्य | | |
| ३५ | श्री सहिद मिया अंसारी | ५ नं . वडा सदस्य | | |
| ३६ | श्री शिवशंकर राय यादव | ५ नं . वडा सदस्य | | |
| ३७ | श्री कान्ती देवी | ६ नं . वडा सदस्य | | |
| ३८ | श्री सुमित्री देवी | ६ नं . वडा सदस्य | | |
| ३९ | श्री रुदल साह कानु | ६ नं . वडा सदस्य | | |
| ४० | श्री जयनारायण राउत | ६ नं . वडा सदस्य | | |
| ४१ | श्री रमझरिया देवी | ७ नं . वडा सदस्य | | |
| ४२ | श्री जीरनी देवी | ७ नं . वडा सदस्य | | |
| ४३ | श्री रामकैलाश ठाकुर हजाम | ७ नं . वडा सदस्य | | |
| ४४ | श्री रामअशिष साह कानु | ७ नं . वडा सदस्य | | |
| ४५ | श्री रुपवति देवी चौधरी | ८ नं . वडा सदस्य | | |
| ४६ | श्री अनिल कुमार साह | ८ नं . वडा सदस्य | | |
| ४७ | श्री किसमतिया देबी राम | ८ नं . वडा सदस्य | | |
| ४८ | श्री राजमन्ती देवी चौधरी | ९ नं . वडा सदस्य | | |
| ४९ | श्री अबरारुल हक | ९ नं . वडा सदस्य | | |
| ५० | श्री केदारनाथ पौडेल | ९ नं . वडा सदस्य | | |
| ५१ | श्री फुल कुमारी चौधरी | १० नं . वडा सदस्य | | |
| ५२ | श्री बुटनी माझी | १० नं . वडा सदस्य | | |

| | | | | |
|---|---|---|---|---|
| ५३ | श्री बोधराज मैनाली | १० नं . वडा सदस्य | | |
| ५४ | श्री हरि थापा | १० नं . वडा सदस्य | | |
| ५५ | श्री मनिसा पाखीन लोप्चन | ११ नं . वडा सदस्य | | |
| ५६ | श्री सिकिला देवी | ११ नं . वडा सदस्य | | |
| ५७ | श्री पुण्डरी भुजेल | ११ नं . वडा सदस्य | | |
| ५८ | श्री राम लाल चौधरी | ११ नं . वडा सदस्य | | |
| ५९ | श्री भरत प्रसाद यादव | सदस्य सचिव | | |

निर्णय नं. १

फतुवा विजयपुर नगरपालिका आ.व. २०८२/०८३ को विनियोजन विधेयक नगरपालिका बोर्ड बैठकबाट पारित भई आएको विनियोजन विधेयक २०८२ यस नगर सभाबाट स्वीकृत गर्ने निर्णय गरियो ।

## फतुवा विजयपुर नगरपालिका विनियोजन विधेयक २०८२

**प्रस्तावना :**

फतुवा विजयपुर नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागी संचित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वान्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) मा तोके अनुसार स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को १ बमोजिम फतुवा विजयपुर नगरपालिकाको नगर सभाले फतुवा विजयपुर नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागी स्थानीय संचालित कोषबाट रकम विनियोजन गर्ने र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न **"फतुवा विजयपुर नगरपालिका विनियोजन ऐन, २०८२"** पारित गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यस ऐनको नाम "फतुवा विजयपुर नगरपालिका विनियोजन ऐन २०८२" रहेको छ|

२) यो ऐन नगर सभाबाट पारित भई नगरपालिकाको राजपत्रमा प्रकाशित भएर प्रारम्भ हुनेछ|

**२. आर्थिक वर्ष २०८२/०८३ को नियमित संचालित कोषबाट रकम खर्च गर्ने अधिकार :**

आर्थिक वर्ष २०८२/०८३ मा नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित उल्लेखित चालु खर्च, पुंजिगत खर्च र वितिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ५६,३२,९५,१५१/- (अक्षरेपी छपन्न करोड बतिस लाख पन्चानब्बे हजार एक सय एकाउन) मा नबढाई निर्दिष्ट गरिए बमोजिम संचालित कोषबाट खर्च गर्न सकिनेछ|

**३. विनियोजन :**

क) यस ऐन द्वारा संचालित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/०८३ को निमिति फतुवा विजयपुर नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित विनियोजन गरिएको छ|

ख) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने वा कुनै कारण बंश कुनै शिर्षकको रकम शसर्त अनुदान बाहेक खर्च हुन नसकेको खण्डमा अर्थात कुनै दैविक प्रकोप आपतकालीन अवस्था तथा नभई नहुने अवस्था रहेको खण्डमा नगर कार्यपालिकाको निर्णय बमोजिम उक्त शिर्षकको रकम लाई रकमान्तर गरी खर्च गर्न सकोने छ | कुनै एक वा एक भन्दा बढी शिर्षकहरुवाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकास र खर्च जनाउन सकिनेछ | पुंजीगत खर्च र वितिय व्यवस्था तर्फ विनियोजित रकम सावा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र वितिय व्यवस्था अन्तर्गत सावा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन | तर चालु तथा पुंजीगत खर्च र वितिय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ |

ग) नगर सभाको बेला बखत कुनै शिर्षक अवण्डा रही गएको खण्डमा उक्त अवण्डा शिर्षकलाई कार्यपालिकाको निर्णय बमोजिम शिर्षक निर्माण गरी कार्यलाई अघि बढाउन सकिने छ |

## ४. यसै ऐन बमोजिम हुने

वार्षिक निति तथा कार्यक्रम (बजेट) मा उल्लेख भएको रकम र यस विनियोजन ऐनमा उल्लेखित रकमको सिलिङ्ग र अनुपातमा फरक पर्न गएमा यसै ऐनमा विनियोजन भए बमोजिम हुनेछ ।

### अनुसूची १
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९(२) बमोजिम
संचितकोष बाट विनियोजित हुने रकम

| सि.नं. | अनुदान संख्या | | चालु खर्च | पुंजीगत खर्च | वितिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | नगर कार्यपालिका | ३५,६४,२४,१५१\|- (६३.२७%) | २०,६८,७१,०००\|- (३६.७३%) | | ५६,३२,९५,१५१\|- |
| २ | | वडा समिति | 0 | 0 | 0 | |
| ३ | | विषयगत शाखा | | | | |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ५ | | लगानी शेयर / ऋण | | | | |

### अनुसूची २
आर्थिक वर्ष २०८२/०८३

आ.ब. २०८२/०८३ को आय/व्ययको अनुमान

| सि.नं. | आय तर्फ | | सि.नं. | व्यय तर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम रु.मा | | विवरण | रकम रु.मा |
| १ | वितिय समनिकरण अनुदान-संघ | १०,८८,००,०००\|- | १ | वितिय समनिकरण अनुदान-संघ | १०,८८,००,०००\|- |
| २ | शसर्त अनुदान संघिय सरकार | २३,१७,००,०००\|- | २ | शसर्त अनुदान संघिय सरकार | २३,१७,००,०००\| |
| ३ | वितिय समनिकरण अनुदान-प्रदेश सरकार | ७४,७१,०००\|- | ३ | वितिय समनिकरण अनुदान-प्रदेश सरकार | ७४,७१,०००\|- |
| ४ | राजश्व बाडफाड संघिय सरकार | १०,५१,४९,२६१\|- | ४ | राजश्व बाडफाड संघिय सरकार | १०,५१,४९,२६१\| |
| ५ | राजश्व बाडफाड प्रदेश सरकार | ६१,७४,८९०\|- | ५ | राजश्व बाडफाड़ प्रदेश सरकार | ६१,७४,८९०\|- |
| ६ | शसर्त अनुदान प्रदेश सरकार | २,८०,००,०००\|- | ६ | शसर्त अनुदान प्रदेश सरकार | २,८०,००,०००\|- |
| ७ | विशेष अनुदान प्रदेश सरकार | ३०,००,०००\|- | ७ | विशेष अनुदान प्रदेश सरकार | ३०,००,०००\|- |
| ८ | सम्पुरक अनुदान प्रदेश सरकार | ३०,००,०००\|- | ८ | सम्पुरक अनुदान प्रदेश सरकार | ३०,००,०००\|- |
| ९ | आन्तरिक आय | २,००,००,०००\|- | ९ | आन्तरिक आय | २००,००,०००\|- |
| १० | राजश्व बाडफाड -स्थानीय सरकार | ५,००,००,०००\|- | १० | राजश्व बाडफाड -स्थानीय सरकार | ५,००,००,०००\|- |
| | जम्मा | ५६,३२,९५,१५१\|- | | जम्मा | ५६,३२,९५,१५१\|- |

निर्णय नं २

फतुवा विजयपुर नगरपालिकाको आ.व. २०८२/०८३ को निती ,कार्यक्रम तथा बजेट वक्तव्य बोर्ड बैठकबाट पारित भई आएको नवौं नगर सभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो ।

यस गरिमामय सभामा उपस्थित प्रमुख प्रशासकीय अधिकृतज्यु, नगरकार्यपालिकाका सदस्यज्युहरु, नगर सभाका सदस्यज्युहरु,कर्मचारीहरु,पत्रकारज्युहरु र सहभागी सम्पूर्णमा मेरो हार्दिक अभिवादन । फतुवा विजयपुर नगरपालिकालाई देशकै नमूना नगरपालिका र मुलुकको आर्थिक समृद्धिको केन्द्र बनाउने दृढ संकल्पसहित फतुवा विजयपुर नगरपालिकाका उप मेयर विजय भई हाल कार्यबाहक नगर प्रमुखको हैसियतले यस नगर सभा समक्ष आ.व २०८२/०८३ को लागि नगर कार्यपालिकाबाट स्वीकृत नीति , कार्यक्रम तथा बजेट वक्तव्य प्रस्तुत गर्दा मैले गौरवको साथसाथै ठूलो जिम्मेवारी पनि महसुस गरेको छु । यो क्षणमा म राष्ट्रिय स्वाधिनता र स्वाभिमान, लोकतन्त्र, दिगो शान्ति र सुशासनका लागि विभिन्न बलिदानपूर्ण आन्दोलनहरूमा आफ्नो प्राण उत्सर्ग गर्ने ज्ञात-अज्ञात शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । हामी संविधानले प्रदान गरेको अधिकारको सीमाभित्र रही कर लगाउन र उठाउन, कानुन निर्माण गर्न र आफैंले छनौट गरेको आयोजनाहरूको विकास गर्न अधिकारले सम्पन्न छौं । स्थानीय सरकार भएकाले केन्द्रमूखी र परनिर्भर भएर कार्य सञ्चालन गर्न सम्भव छैन । नगरका सबै काम कारबाही नयाँ सोच र योजनाका साथ व्यवस्थित र पारदर्शी हुन जरुरी छ । नेपालको संघीय ढाँचा संघ, प्रदेश र स्थानीय तहका बीचमा सहकार्य, सहयोग र समन्वयमा आधारित भएको र नयाँ संविधान बमोजिमको संघ र प्रदेश तह पूर्ण रुपमा क्रियाशील नभइसकेकोले स्थानीय तहको संरचनाले पूर्णता भने पाउन सकेको छैन । तर, यो नगरसभा नगरको नीति-निर्माणको दृष्टिले सर्वभन्दा महत्वपूर्ण संरचना हो भन्नेमा कुनै सङ्का छैन ।

यस न.पा.को उत्तरी क्षेत्रमा चारकोसे झाडी अन्तर्गतको घना जंगल पर्दछ । फतुवा विजयपुर नगरपालिकामा पनि विस्तारै विस्तारै शहरीकरण भैरहेको अवस्थामा नगरपालिका भनेर हामी गर्व त गर्न सक्छौ तर जथाभावी बस्ती विस्तार एव यस क्षेत्रमा रहेको हरियो वन जंगलहरु मासिदै गईरहेकाले हामी चिन्तित छौं । सडक संजालमा केही विस्तार त भएको छ तर त्यो विस्तार योजनाबद्ध र व्यवस्थित छैन । हिजो गाउँ विकास समिति हुँदाको शहरीकरण र आवागमनको आवश्यकताको आधारमा निर्माण भएका भौतिक संरचना अहिले अपर्याप्त भइसकेका छन् । कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य र पूर्वाधार लगायतका क्षेत्रमा फतुवा विजयपुर नगरपालिकाका सम्भावना र चुनौतीको समग्र आँकलन अनि विकासका लागि आवश्यक स्रोतहरुको खोजी हाम्रो प्राथमिकतामा रहेको कुरा यहाँहरुलाई अवगत गराउन चाहन्छु ।

यस पालिकाको समितिगत कूल बजेट मध्ये पुँजीगत तर्फ रु.२०,६८,७१.०००- (अक्षरेपी रु.बीस करोड अटसठी लाख एकहतर हजार मात्र ) ३६.७३ प्रतिशत र चालु खर्च तर्फ ३५,६४,२४,१५१|- (अक्षरेपी रु.पैंतिस करोड चौसठी लाख चौबिस हजार एक सय एकाउन रुपैया मात्र ) ६३.२७ प्रतिशत गरी कुल **रु.५६,३२,९५,१५१|-** (अक्षरेपी रु. छपन्न करोड बतीस लाख पन्चानब्बे हजार एक सय एकाउन रुपैया मात्र) विनियोजन गरेको व्यहोरा यहाँलाई अवगत गराउन चाहन्छु ।

यस पालि हामीले दिर्घकालिन सोच राखेर आवधिक नगर विकास आवधिक योजना तयार गर्ने सोचमा छौ । नगर निर्माण योजनाको आधारमा उक्त कार्य अगाडी बढाउने कुरा यहाँहरुलाई जानकारी गराउन चाहन्छु । अविलम्व सम्बन्धित विज्ञहरूको सहयोगमा दीर्घकालीन योजना तर्जुमाको काम प्रारम्भ गर्नेछु । चालु आ.व २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भन्दा अगाडी गत आ.व २०८१/०८२ मा भएका मुख्य मुख्य उपलब्धीको बारेमा संक्षिप्त रुपमा विषयगत आधारमा बुन्दागत रुपमा प्रस्तुत गर्न चाहन्छु ।

## १ आर्थिक विकास:-

प्रदेश सरकारबाट विशेष अनुदान तर्फ प्राप्त ९५ लाख रुपैया मध्ये सिचाइका लागि विधुतीकरण,वोरिङ तथा मोटर जडानका कार्य भई रहेको ।

केन्द्रबाट प्राप्त रकमबाट सिचाईका लागि मोटर वितरण, विउ वितरण,स्प्रे टंकी वितरण गरिएको छ ।

## २ सामाजिक विकास :-

स्वास्थ्य तर्फ संचालित प्रत्येक स्वास्थ्य चौकिलाइ आधुनिक किसिमले औपधी, सेन्ट्री पैड लगायत सामानहरु व्यवस्थापन गरिएको छ त्यस्तै शिक्षा तर्फ गुणस्तरीय शिक्षाका लागि शिक्षकहरुलाई क्षमता विकास अभिवृद्धितालिम संचालन

भएको छ जसले गर्दा गुणस्तरीय शिक्षामा विकास हुने आशा गरेको छ। शिक्षा क्षेत्रमा वार्षिक योजन तयार भएको छ। प्रदेश सरकारको तर्फबाट पोषण समाग्री करिब ५० लाख बराबर आएको उक्त समानहरु प्रत्येक वडाहरुमा वितरण गरिएको छ।

## ३.पूर्वाधार तर्फ :

प्रदेश सरकारको रकमबाट:-

- स्वस्थ्य चौकी भवन सन्तपुरमा (३० लाखको)।
- Culvert ३ वटा (बोटवा, रंगी र जंगलछेउ)

नगरपालिकाको बजेटबाट:-

- Culvert ७ वटा (बुधिअवा-२, बुनियाव-२, बाकेपुर-१, घुसुकपुर-१ र मठीरंगी १)
- Pcc road - १० KM
- Gravel road - २० KM
- New track - ८ km
- Drainage - १ km
- भवन — १० (मन्दिर, स्वास्थ्य चौकी, सार्वजनिक भवन)
- साथै केन्द्र तथा आन्तरिक श्रोतबाट प्राप्त रकमबाट तपसिल अनुसारको उल्लेखनीय कार्यहरु समपन्न भएको छ।

**तपसिल**

१. वडा न.११ मा आधारभूत स्वास्थ केन्द्र निर्माण भइ संचालनमा आएको।

२. वडा न.९ मा आधारभूत स्वास्थ केन्द्रको शिलान्यास भई निर्माणधिन अवस्थामा रहेको।

३. वडा न.५ मा आधारभूत स्वास्थ केन्द्रको शिलान्यास भई निर्माणधिन अवस्थामा रहेको।

४. वडा न.११ मा वडा कार्यालय भवन निर्माण भई उक्त भवन बाटै सेवा प्रवाह भईरहेको।

५. वडा न.४ मा बरथिंग सेन्टर निर्माण भई उद्घाटनको अवस्थामा रहेको।

६. वडा न.६ मा वडा कार्यालय भवन निर्माण भई उद्घाटन को अवस्थामा रहेको।

## ४. वन वातावरण तथा विपद व्यवस्थापन :-

वडा तथा नगर स्तरीय बजेटवाट विरुवा वितरण कार्यक्रम समपन्न भएको छ। साथै विपद व्यवस्थापन कार्यक्रम अन्तर्गत विपदवाट प्रभावित व्यक्तिहरुलाई नगद रुपैया प्रदान गरि राहत प्रदान गरिएको व्यहोरा अनुरोध छ।

## ५. संस्थागत सुधार तथा सेवा प्रवाह :-

संस्थागत सुधार अन्तर्गतको कार्यक्रमको विश्लेषन गर्दा विभिन्न किसिमका संस्थागत सुधार अन्तर्गत कार्यक्रमहरु संचालन भएका छन। आ.व.२०७९।८० को कार्यको मुल्यांकन २०८०/८१ मा हुदाँ यस पालिकाको LISA मा ४६% मात्र अंक आएको छ। जुन कुरालाई मनन गरी यस आ.ब.२०८१।०८२ मा LISA कोअंक बढाउने खालका अर्थात संस्थागत सुधार अन्तर्गत विभिन्न किसिमका कार्यक्रमहरु संचालन भएका छन्। जसको फलस्वरूप आ.व. २०८२/०८३ मा LISA को अंक बढने छन, जसको प्रतिफल आ.व २०८३/०८४ मा बजेट पनि बढने कुरामा विश्वस्त छु। हामीले यस पालि संस्थागत सुधार अन्तर्गत संचालन भएका मुख्य मुख्य कार्यक्रमहरु यस प्रकार छन।

- सार्वजनिक सुनवाइ
- राजस्व सुधार कार्य योजना तयारी
- नगर प्रोफाइल तयारी
- Gender Audit
- उपभोक्ता समितिका पदाधिकारीहरुलाई तालिम

- कर्मचारीहरुको लागी क्षमता अभिवृद्धि कार्यक्रम
- स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ११ को ८३ मा प्रशासकीय संगठन र कर्मचारी दरबन्दी सम्बन्धी व्यवस्था भए अनुसार उक्त प्रतिवेदन तयार गरिएको छ।

अब हामी चालु आ.व २०८२/८३ को नीती तथा कार्यक्रमको सम्बन्धमा विषयगत समिती अनुसार बुँदागत रुपमा यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु ।

## १ आर्थिक विकास:

- सामुहिक तथा सहकारी खेतीलाई प्रोत्साहन गर्दै कृषि उपजको उत्पादन, भण्डारण र बिक्री वितरणसम्म सहकारी तथा समुहलाई सक्रिय बनाउने नीति लिईने छ।
- लालबकैया किनारालाई प्रदुषणमुक्त गरी तत्काल पार्क र रमणीय स्थलको रुपमा विकास गरी दीर्घकालीन रुपमा नीजि क्षेत्रको सहकार्यमा सुविधासम्पन्न क्षेत्रको रुपमा विकास गरिनेछ।
- हिमालीबासमा बनी रहेको पार्कलाई अझ व्यवश्थित तथा तत्काल रमनीय पार्क बनाउन DPR तयार गरि संघिय सरकार संग माँग गरिनेछ ।
- कृषि उपजलाई प्रोत्साहन गर्न Soil test को लागि lab को व्यवास्थापन गर्ने ।
- यस पालिकामा सँचालनमा भएका वा साचालन हुने उधोग,व्यापार तथा व्यवसायहरुलाइ करको दायरामा लयाइनेछ ।
- पशु पालनलाई व्यवस्थित गर्न अनुदान कार्यक्रमलाई व्यवस्थापन गरिनेछ।
- पर्यावरनिय प्रतिकुलतालाइ दृष्टिगत गर्दै पशु तथा वाली बिमाको प्रवन्ध मिलाईनेछ|
- यस भेगकै कृषि Life Line को रुपमा रहेको अरुवा खोलाको बेड सर-सफाइ तथा बकैया खोलामा ड्याम निर्माण गरी बार्है माहिना कृषि योग्य जग्गा सिचित हुन् यस पालिका संगसंगै संघ र प्रदेश सरकार संग समन्वय र सहयोग मागिनेछ।
- रैथाने बाली प्रवर्धन कार्यक्रमको साथसाथै कृषि प्रदर्शनी,पुरस्कार तथा कृषि प्रदर्शनी केन्द्र को स्थापनाको ब्यबस्था गरिने छ ।
- धार्मिक,ऐतिहासिक तथा प्राकृतिक पर्यटनको सम्भावनाहरुको खोजी गरिने छ |जस अन्तर्गत वडा न.११ मा जंगल पार्क निर्माणको पहल कदमी लिईनेछ ।
- सहकारी संस्थाहरुको ब्यबस्थापनको कार्य गरिने छ ।
- पशु तथा बाली बिमा कार्यकमलाई अगाडी वढाउन व्यवस्थापन गरिनेछ।
- हाट वजारहरु व्यवस्थापन गरी तिनीहरुको ठेक्का प्रवन्ध मिलाईने छ।
- विभिन्न चाड पर्व तथा संस्कृति संरक्षण र प्रवर्धनको कार्य गरिनेछ।
- उन्नत विउ उत्पादनको लागि Seed Grading Machine को खरिद कार्य स्थानीय,प्रदेश र संघ सरकारको समन्वयमा अगाडी वढाउन प्रवन्ध गरि वितरणको कार्य गरिनेछ।
- उद्योग तथा व्यापार शाखाको स्थापना गरी उद्योग व्यापार तथा वाणिज्य दर्ता तथा ब्यबस्थापनको कार्य गरिनेछ ।
- उद्योग व्यापार तथा वाणिज्य क्रियाकलापहरुलाई करको दायरामा ल्याई नियमानुसार कर लगाइने छ।

## २ सामाजिक विकास:

- आवश्यकता अनुसार नयाँ सामुदायिक विद्यालय खोल्ने, स्तर वृद्धि गर्ने, एकीकृत गर्ने, कक्षा थप गरी समुदायको हितमा प्रयोग गर्ने नीति अवलम्वन गरिनेछ। संस्थागत विद्यालयको अनुमति, नियमन र अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई व्यवस्थित र प्रभावकारी वनाइनेछ। साथै संस्थागत विद्यालयहरुको नवीकरण गरिने।
- गरिबी न्यूनिकरणका लागि स्वरोजगार सिर्जना गर्ने, उद्यमशीलताको खोजी तथा प्रर्वद्धन गर्ने एवं विभिन्न सिपमूलक तथा क्षमता अभिवृद्धि हुने क्रियाकलापद्वारा रोजगारी सिर्जना गरी जीविकोपार्जन कार्यक्रमहरूलाई प्रोत्साहन गरिने छ। यसका लागि गरिवी न्यूनिकरण कोषको निर्देशिका तयार पारी उक्त कोषलाई गरिबी न्यूनीकरणमा परिचालन गर्नका लागि उपयुक्त कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याईने छ।
- **"हाम्रा बालबालिका हाम्रो भविष्य"** भन्ने मूल्य र मान्यतालाई आत्मसाथ गर्दै बालमैत्री स्थानीय शासन नीतिलाई निरन्तरता दिई वि.सं. २०[illegible] सालसम्ममै यस फतुवा विजयपुर नगरपालिकालाई बालमैत्री नगर घोषणा गर्ने गरी

आवश्यक योजना र कार्यक्रम तर्जुमा गरिनेछ। यसका लागि बालमैत्री वडा घोषणा अभियानलाई निरन्तरता दिइनेछ। बालमैत्री वडा घोषणा गर्ने वडाहरूलाई सम्मान-पत्र सहित र एक लाख रुपैयाँ पुरस्कार दिइने छ। उक्त रकम बालबालिकाको क्षेत्रमा लगानी गरिने छ।

- सडक बालबालिकाको उद्धार, संरक्षण, पुनर्स्थापना एवम् पारिवारिक पुर्नमिलन र पारिवारिक सहयोग कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ।
- जेष्ठ नागरिकहरूको पहिचान, सम्मान र व्यवस्थापनका लागि **"वृद्धा आश्रम केन्द्र"** सञ्चालन गरिनेछ। उक्त कार्यको लागि आवश्यक बजेट व्यवस्थापन गर्न नेपाल सरकारसँग माग गरिनेछ।
- महिलाहरूको आयमूलक, सिपमूलक, क्षमता अभिवृद्धि, नेतृत्व विकास गरी दक्ष जनशक्ति निर्माणमा योजनाबद्ध पहल गरिने छ।
- युवा वर्गको क्षमता विकास गर्दै उद्यमशील, सक्षम, सु-संस्कृत एवम् क्षमतावान बनाई नगरको विकासको मूलधारमा ल्याउन सरकारी तथा गैर सरकारी संस्थाहरूको समन्वयमा युवा लक्षित व्यवसायिक तथा जीवन उपयोगी सिपमूलक तालिम सञ्चालन गरी रोजगारका अवसरहरू सिर्जना गर्ने र असल नागरिक बनाउन प्रेरित गर्ने नीति लिइनेछ।
- प्रत्येक वडामा अधारभुत स्वास्थ्य चौकी संचालन हुनु पर्ने व्यवस्था भएता पनि ८ वटामा मात्र संचालन भएकोमा बाँकी ३ वडाहरुमा (वडा नं. ३, ६ र ८) संचालन गरिनेछ।
- यस पालिकामा १ वटा मात्र लक्ष्मीनियामा अधारभूत स्वास्थ्य चौकी बर्थिङ सेन्टर रहेकोमा उक्त बर्थिङलाई सेन्टर व्यवस्थित गरिनेछ।
- नगर स्तरीय अस्पतालका लागी संघीय सरकार एंव प्रदेश सरकार संग कार्यान्वयनका लागी पहल गरिनेछ।
- युवाहरूको शारीरिक र मानसिक विकासका लागि नगर भित्र बिभिन्न खेल गतिविधिलाई प्रोत्साहन गरी क्रिकेट फूटवल, भलिवल, जिमहल लगायत खेलकूदका कार्यक्रमहरू सञ्चालन हुदै आई रहेकोमा अझ व्यवस्थित रुपमा संचालन गरिनेछ। त्यसका लागि स्थानीय संघ-संस्थाहरूसँगको सहकार्यमा आवश्यक पूर्वाधार विकास र प्रशिक्षणको व्यवस्था गरिनेछ।
- लैङ्गिक हिंसा, शोषण, मानव बेचबिखन, विभेद तथा दुर्व्यवहारलाई शुन्य शहनशीलताको नीति अवलम्बन गरिनेछ। यसका लागि स्थानीय संघ-संस्थाहरूसँगको सहकार्यमा विभिन्न प्रकारका सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्दै लगिनेछ।
- सामुदायिक सिकाई केन्द्रलाई अझ व्यवस्थित रुपमा संचालन गरिंनेछ।
- खेलकुदमा युवाहरुको चासो लाई मध्य नगर गर्दै खेलकुद लाइ अझ व्यवस्थित बनाउन नगर स्तरीय नगर खेलकुद समिती गठन गरिनेछ|साथै खेलाडीहरुलाई प्रोत्साहन गर्न खेलकुद सामग्री खरिद गरिनेछ|
- वडाहरुमा खेलकुद मैदान व्यवस्थापन गर्न सम्भावित जग्गाहरुको पहिचान गरी त्यस तर्फ आवश्यक कदम चालिनेछ |
- यस पालिकाको Ambulance बाट यस पालिकाकै बिरामीहरु ढुवानी गर्दा मृत्यु भएमा वा कुनै मृतकको शव ढुवानी गर्दा सम्बन्धित वडा अध्यक्षको सिफारिसमा ढुवानी शुल्क नि:शुल्क गरिनेछ।
- जेष्ट नागरिक सम्मानको कार्य अगाडी बढाइनेछ|
- सामाजिक सुरक्षा भत्ता वितरण कार्य लाई सर्व सुलभ तथा पहुच योग्य बनाउन लाई कार्यक्रम संचालन गरिने छ।
- बालविकास शिक्षकहरुको क्षमता अभिवृद्धि गरिने छ।
- सामुदायिक विधालयहरुको आवश्यकता अनुसार स्तरउन्नती, एकीकृत तथा समायोजनको कार्य अघि बढाईनेछ।
- नीजी विद्यालयलाई पालिकाबाट अनुगमन गरी शैक्षिक सुधारको लागि आवश्यक निर्देशन दिईनेछ साथै निजि विधालयहरु प्रत्येक बर्ष नविकरणको नीति अवलम्बन गरिनेछ।
- टोल-टोलमा खोप क्लिनिक संचालनको व्यवस्था मिलाईने छ।

## पूर्वाधार विकास:

- पूर्वाधार निर्माणको गतिलाई व्यवस्थित गर्न नगर यातायात गुरु योजना (MTMP) तयारी गरी यसै आ.व. २०८२/०८३ देखि लागु गरिनेछ ।
- सडक दुर्घटनालाई न्युनीकरण गर्न नगरका मुख्य सडकहरूमा जनचेतना मुलक कार्यक्रमलाई प्राथमिकतामा राखी सञ्चालन गरिने छ ।
- नगरमा सञ्चालन गरिने विकासका कार्यक्रममा सार्वजनिक निजी साझेदारीलाई प्रोत्साहित गर्न तत्सम्बन्धी छुट्टै नीतिगत र कानुनी व्यवस्था गरिनेछ ।
- नगरभित्र सभास्थल, रङ्गशाला र मनोरञ्जन पार्क निर्माणका लागि आवश्यक बजेट व्यवस्थापन गर्न नेपाल सरकारसँग माग गरिनेछ ।
- नगरभित्रका सबै घरको नक्सा पास गराउन अभियानको रुपमा नक्सापास कार्यलाई अगाडि बढाइने छ । साथै व्यवसाय कर एवं घर बहाल कर तथा सरसफाई करलाई कडाईका साथ लागु गरिनेछ । यसबाट नगरका सबै बासिन्दाको घरको नक्सा पास हुनुका साथै नगरको आयमा बृद्धि हुनेछ ।
- जनताको तटबन्ध र जनता आवास कार्यक्रमहरूलाई प्राथमिकताका साथ सञ्चालन गरिने छ ।
- वडा कार्यालय नभएका वडाहरुमा कमीक रुपमा वडा कार्यालय निर्माण गरिनेछ ।

## ४. वन, वातावरण तथा विपद् व्यवस्थापन

- यहाँको जैविक विविधता, वनस्पती र वन्यजन्तुको अझै संरक्षण र सम्वर्द्धन गर्न छुट्टै नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ। यस नगरपालिकामा निर्माण भएका सबै सडकको दुवै तर्फ अनिवार्य रुपमा विरुवा रोप्ने र नगरपालिकाका सवै घरधुरीमा अनिवार्य फलफुलको विरुवा रोप्ने व्यवस्था मिलाइने छ ।
- फतुवा विजयपुर नगरपालिकाबाट निस्कने अन्य फोहोर व्यवस्थापनका लागि सार्वजनिक नीजि साझेदारी अवधारणा बमोजिम कार्यन्वयन गर्न यसैवर्ष कार्य प्रारम्भ गरिनेछ। वडास्तरमा टोल विकास संस्था, गैर सरकारी संस्था, आमा समूह, स्थानीय क्लव र अन्य संस्थाहरूसँग मिलेर फोहोर मैला व्यवस्थापन **"Clean Phatuwa Bijaypur Green Phatuwa Bijaypur"** भन्ने नाराका साथ अभियानको रुपमा अगाडि वढाईने छ ।
- फतुवा विजयपुर नगरपालिका क्षेत्रभित्र रहेका ऐलानी, पर्ति, सार्वजनिक जमिनको खोजी, रेखाङ्कन र संरक्षण गर्ने कार्य यसै बर्षदेखि शुरु गरिने छ ।
- विपद जोखिम क्षेत्र पहिचान गरी उक्त क्षेत्रहरूमा जोखिम न्युनीकरण सचेतनाका कार्यक्रमहरू सञ्चालन गरिने छ । **"एक वडा एक विपद सुरक्षित स्थल"** किटान गरी आवश्यक पूर्वाधारहरू विकास गर्दै जाने नीति लिइने छ ।
- आगो जन्य प्रकोप नियन्त्रणको लागि यन्त्र उपकरण व्यवस्थापनको गरिनेछ तथा यस्ता प्रकोप वाट पिडितलाइ यथासक्य क्षति पूर्ति दिईनेछ ।
- बढ्दो बजारीकरणले गर्दा फोहरजन्य उत्पादन बढदै गईरहेकोले फोहर ब्यवस्थापनको लागी Dumping site को पहिचान गरिने छ| साथै फोहर मैला ब्यवस्थापनको लागी यन्त्र/उपकरण खरिद कार्य अगाडी वढाइ अन्य उपाय पनि अपनाईनेछ ।
- यस पालिकालाई आवश्यक वरुण यन्त्र प्रदेश सरकारसँग माँग गरिनेछ ।

## ५. संस्थागत विकास तथा सेवा प्रवाह:

- उच्च मनोवल, उत्प्रेरित र दक्ष जनशक्तिवाट प्रभावकारी सेवा प्रवाह गर्न कर्मचारीको क्षमता अभिवृद्धि गर्दै लगिने छ । नगरका हरेक वडा कार्यालयमा आवश्यक पर्ने जनशक्ति र श्रोत साधनको व्यवस्था मिलाइने छ । नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप तलब स्केलको २५ प्रतिशत

प्रोत्साहन भत्ता लागु गर्ने नीति लिइने छ । नगरको सेवालाई समयानुकूल र प्रभावकारी बनाउन र ( २० बर्ष भन्दा बढी) काम गरेका कर्मचारीलाई सम्मानसहितको स्वेच्छिक अवकाशको योजना ल्याइने छ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

- यस पालिकामा कार्यरत करार र दैनिक ज्यालादारीका कर्मचारीहरुलाई महंगी भत्ता को व्यवस्था मिलाईनेछ ।
- यस पालिकामा कार्यरत दैनीक ज्यालादारी र करार का कर्मचारीहरु को सामाजिक सुरक्षा कोषमा आबद्धताको लागि नेपाल सरकारको निर्णय बमोजिम यस पालिकामा कार्यरत कर्मचारीहरुको यस चालु आ.व देखि लागु हुने गरि सामाजिक सुरक्षा कोषमा आवद्ध गराईनेछ ।
- यस पालिकामा कार्यरत करार र दैनीक ज्यालादारीका कर्मचारीहरुको नियमानुसार म्याद थप गरिने छ र आवश्यकता अनुसार कार्यरत प्राविधिक तथा अन्य कर्मचारीको व्यस्वस्थापन गरिने छ ।
- निर्वाचीत जनप्रतिनिधीहरु बिरामी परेमा वा मृत्यु भएमा नियमानुसार आर्थिक सहयोग गरिनेछ ।
- सम्वृद्ध नगर निर्माणका लागि यस पालिकाको आवधिक नगर विकास योजन तयार गरिने छ साथै सार्वजनिक नीजि सहकारी क्षेत्रको भूमिकालाई अफ प्रभावकारी बनाइने छ । राजस्व कर प्रशासनमा गर्दै आएको सुधारलाई निरन्तरता दिइने छ । बजेट बिनियोजनको दक्षता र खर्च गर्ने क्षमतालाई अभिवृद्धि गरिनेछ । खरिद प्रक्रियालाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरीय बनाउदै लगिने छ । नगरको खरिद प्रशासनको क्षमता बढाइनेछ ।
- सेवा प्रवाहमा प्रविधिको प्रयोग गरी कागजविहिन कार्यालयको रुपमा विकास गर्दै लगिने छ ।
- नगरबासीहरूको राय सुझाव सङ्कलन गर्न, गुनासो व्यवस्थापन र जवाफदेहिता वहन गर्नका लागि Help Desk सार्वजनिक सुनवाइ सुझाव पेटिका र नागरिक वडा पत्र लगायत अन्य क्रियाकलाप संचालन गरिने गरि व्यवस्थित गर्दै लगिने छ ।
- ११ वटै वडाहरुलाई राजश्व सङ्कलन प्रभावकारी वनाउन यसै आ.व. देखी ११ वटै वडा कार्यालयबाट सङ्कलन हुने र राजश्वलाई Internet Computer System बाट नगरपालिकाको केन्द्रिकृत प्रणालीमा आवद्ध गराउने कार्यलाई थप व्यवस्थित गर्दै लगिने छ ।

**"मैले तिर्ने कर नगर विकासका लागि"** भन्ने आम करदातालाई महसुस हुने गरी सेवा प्रवाह गरिने छ । करको दायरामा नआएका करदातालाई करको दायरामा ल्याउन अभियान सञ्चालन गरिने छ । वार्षिक रुपमा नियमित र अधिकतम् कर बुझाउने करदातालाई सम्मान एवम् पुरस्कृत गर्ने नीति लिइने छ ।

- पेशिक तथा वेरुजु फछ्र्यौट कार्यलाई थप प्रभावकारी बनाई बक्यौता न्युनीकरण गरिने छ ।
- आन्तरिक स्रोतको परिचालनबाट नगरको वित्तीय सवलीकरण र आर्थिक स्थायित्वका साथै वित्तीय कार्यलाई समग्र आर्थिक सम्वृद्धिको मूल आधार बनाईने छ ।
- स्थानीय कर आधार संरक्षण गरी करको आधार र दायरा विस्तार गर्ने स्थानीय संरचना अनुकूल कर तथा गैर करका क्षेत्रहरूको पुनरावलोकन गरिने छ ।
- नगर प्रमुख उप प्रमुख र वडा अध्यक्षज्यु हरु लाई क्षमता विकास तथा अभिमुखीकरणको कार्य अगाडी बढाइनेछ ।
- कर्मचारीहरुको दक्षता प्रवर्धन तथा उच्च मनोबल कायम राखन अध्ययन/अवलोकन भ्रमणको व्यवस्था मिलाईनेछ ।
- प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरु वीच कार्य सम्पादन सम्बन्धी सम्झौताको व्यवस्था गरिनेछ ।

CamScanner

विषयगत समिति बाहेक अन्य क्षेत्रहरुको नीती कार्यक्रम तथा सन्दर्भमा प्रस्तुत गर्न चाहन्छु ।

## ६. भूमिहिन सुकुम्वासी :

यस चालु आ.व.२०८२/८३ देखि देश भरि नै तिन वर्ष भित्र सम्पूर्ण सुकुम्बासी समस्या समाधान गर्न नेपाल सरकारको नीति तथा कार्यक्रम रहेकोमा सोहि बमोजिम यस पालिकाको वडा न.९,१०,र ११ का साविक सुकुम्बासीको निवेदन अनुसार जिल्ला भुमि आयोग समस्या समाधान को निर्णय बमोजिम चालु वर्षा मा हाल ८४ जना लाई जग्गा स्रेस्ता प्रमाण पुर्जा वितरण गर्न लक्ष्य राखेको छ सो को कार्यको प्रक्रिया अगाडी बढाईएको छ| साथै यस पालिको को वडा न.१ देखि ११ सम्मका सबै वडामा वडा सहजीकरण समिति मार्फत वास्तविक भूमिहीन दलित,भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासीहरुको फर्म लागत संकलन तथा वास्तविक फर्मलाई प्रमाणीकरणको आधारमा छनौट गरी कार्य अगाडी बढाइनेछ। साथै नगर स्तरिय सहजीकरण समितिको निर्देशन बमोजिम सर्वे तथ्यांक संकलन तथा अन्य विविध कार्य संचालन गर्न र आवश्यक प्रविधिक कर्मचारी खटाइनेछ। साथै Equipment मेसिन औजार (खरिद गरी कार्य संचालन गर्ने आवश्यक बजेट विनियोजन गरिएको छ।

## ७. पोषण:

यस नगरपालिकामा चालु आ.व.२०८२/८३ मा सबै वडामा बहुक्षेत्रीय पोषण कार्यक्रमलाई थप प्रभावकरी र व्यवस्थित बनाई सबै गर्भवती र सुत्केरीहरुलाई कुपोषणवाट बचाउन र स्वास्थ्यका लागि पोषण युक्त सामग्री तथा सर-सफाईका लागि सामग्री खरिद वितरण गरिने छ|साथै कुपोषित सुत्केरी गर्भवती तथा सुनौलो हजार दिनका वाल वालिकाहरु लाई पहिचान गरी पोषण युक्त सामाग्री थप सुबिधा प्रदान गरिनेछ| बहुक्षेत्रीय पोषण कार्यक्रम संचालन गर्न नेपाल सरकार बाट आवश्यक बजेट माग गरिएको छ| बाल स्वस्थ पोषण सुधारका लागी महिलाको नेतृत्वमा व्यवसायिक पहल गरिनेछ|विशेष कार्यक्रम अन्तर्गत संघीय सरकारवाट रकम रु १,६५,००,०००|- एक करोड पैसठी लाख विनियोजन भएको छ| जुन यसै आ.व देखी कार्यक्रम संचालन हुनेछ|जस वाट खास गरि बालबालिका,महिलाहरु लाभान्वित हुनेछ |

## ८. रोजगार ,लघु उद्धमः-

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत गत.आ.व २०८१/८२ मा सुचिकृत ६०६ लाभग्राहीहरु मध्ये ३५८ लाभग्राही लाभनवित भएका छन|जस मध्ये उनीहरु द्वारा औसतमा १५.५ दिन काम गरेका थिए | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालित शिप मुलक तालिममा ३७ जना लाभान्वित भएका छन | यसर्थ यस्ता रोजगार मुलक कार्यक्रम लाइ' निरन्तरता गरिनेछ ।

- चालु आ.व २०८२/८३ देखी सुरक्षित आप्रवाशन (SaMi) कार्यक्रम लाई लागत साझेदारीमा संचालन गरिनेछ ।
- गत आ.व २०८१/८२ मा गरिवी निवारणका लागि लघु उधम विकास कार्यक्रम अन्तर्गत ४५ जनालाई ५ दिने वेमौसमी तरकारी खेति तालिम दिइएको छ|यसर्थ गरिवी निवारणको लागि लघु उधम विकास कार्यक्रम लाई लागत साझेदारीमा निरन्तरता दिईनेछ |

हामी जुनसुकै दल विशेषवाट प्रतिनिधित्व गरिरहेको भए पनि कुनै न कुनै रुपमा यी योजनाको बारेमा हामीले प्रतिवद्धता व्यक्त गरेका छौं । म यहाँ त्यस्ता केही प्रतिबद्धताको बारेमा उल्लेख गर्न चाहन्छु ।

प्रस्तुत नीति तथा कार्यक्रमको पूर्ण विवरण अविलम्व यस नगरपालिकाको वेभ पेजमा अपलोड गरिने व्यहोरा निवेदन गर्दै नीति तथा कार्यक्रमको पूर्ण विवरण, नगर विकास योजना तर्जुमाका प्रस्तुत आधार तथा

लिइएको नीतिहरूको विस्तारित खाका समेटिएको वार्षिक नगर विकास योजना पुस्तक यथाशिघ्र यहाँहरू समक्ष उपलब्ध गराउने वाचा समेत गर्दछु । नगर सभाको निर्णय समेटिएको उक्त पुस्तक फतुवा विजयपुर नगरपालिकाको प्राथमिकताको रुपमा नेपाल सरकारका सम्पूर्ण मन्त्रालय तथा विभागहरू, जिल्ला समन्वय समिति, एवम् विकासको क्षेत्रमा क्रियाशील सबै संस्थाहरू तथा सबै विकासका साझेदारहरूका लागि अभिलेखबद्ध रहनेछ भन्ने विश्वास लिएका छौं ।

आदरणीय नगर सभासदस्यज्यूहरू फतुवा विजयपुर नगरपालिकाले अब गुनासो गर्ने होइन, सपना देख्ने र उत्साहका साथ अगाडि बढ्ने समय आएको छ । फतुवा विजयपुरसँग नेपालको मात्र होइन देशकै नमूना शहर बन्ने सबै खाले सम्भावनाहरू छन् । जुनसुकै राजनीतिक आस्थाले प्रेरित भए पनि फतुवा विजयपुरको विकास र सम्वृद्धिका हकमा यो नगरसभामा कोही पक्ष र प्रतिपक्ष छैन । आज यो नगर सभामा साझा संकल्प गरौं, फतुवा विजयपुरलाई हामी देशकै उदाहरणीय नगर बनाइछाड्ने छौं ।

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुर्‍याउनुहुने सम्पूर्ण कार्यपालिका सदस्यज्यूहरू, नगर सभा सदस्यज्यूहरू, राजनीतिज्ञहरू, संचारकर्मी मित्रहरु, नगरवासी दाजुभाइ तथा दिदीवहिनीहरू एवम् अहोरात्र खटी यस कार्यमा सहयोग गर्ने सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद ।**

अमबेया खातुन
कार्यावाहक नगर प्रमुख
फतुवा विजयपुर नगरपालिका
मितिः२०८२/०४/३० शुक्रवार